प्रक्षेपित वित्तीय विवरण बैंक आफैंले आफ्नो दीर्घकालीन रणनीति अनुरुपतयार पारेको हो। बैंकले देशको आर्थिक अवस्था, बैंक तथा वित्तीय संस्थाहरुको अवस्था तथा विभिन्न नियमनकारी निकायहरुको नीति तथा व्यवस्थाहरुको सुक्ष्म रुपमा अध्ययन गरेर आफ्नो दीर्घकालीन रणनीति तयार गरी लागू गरेको छ। सो रणनीति बमोजिम बैंकले आफ्नो शाखा सञ्जाल विस्तार गर्ने, व्यक्तिगत र साना तथा मझौला कर्जामा वृद्धि गर्ने, ब्याज रहित तथा निम्न ब्याज हुने चल्ती र बचत निक्षेपमा वृद्धि गर्ने, ग्राहक केन्द्रित नयाँ योजनाहरु ल्याउने, आफ्नो आन्तरिक नियन्त्रण कार्य प्रणालीलाई थप चुस्त बनाउने, कर्मचारीहरुको क्षमता अभिवृद्धिमा विकास गरी ग्राहकहरुको पहिलो रोजाईको बैंक बन्ने रहेको छ। फलस्वरुप, बैंकले आफ्नो प्रक्षेपित खुद मुनाफा तथा पूँजीमा उच्च प्रतिफल दिन सक्षम रहने विश्वास लिएका छौं।

***नोटः*** विगतका वर्षहरुको कारोबारको वृद्धि, बैंकले गरेको आम्दानी, बैंकको भावी योजनाहरु, चालु वर्षको प्रगति, नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड तथा नेपाल सरकारद्वारा प्रक्षेपित वित्तीय आँकडाको आधारमा बैंकले प्रक्षेपित वित्तीय विवरण तयार गरेको हो र सो वित्तीय विवरणहरु श्री ए.बि.एस एण्ड एसोसिएटस्का चार्टर्ड एकाउण्टेन्ट श्री विषेश बिबु आचार्यले प्रमाणित गर्नुभएको छ।

**विगत ३ वर्षको र आगामी ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफलः**

| विवरण | वास्तविक (रु. हजारमा) | | | | *प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | **आ.ब.०७२/०७३ | आ.ब.०७३/०७४ | आ.ब.०७४/०७५ | ***आ.ब.०७५/०७६ | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ | आ.ब.०७८/०७९ |
| शेयर पूँजी | ४,४९६,१४३ | ६,६२८,८७९ | ८,४६४,३८५ | ८,८८७,६०५ | ८,८८७,६०५ | ८,८८७,६०५ | ८,८८७,६०५ |
| जगेडा तथा कोष | १,७४५,६५१ | ४,४९०,३०६ | ५,२३८,४४३ | ६,२००,५७८ | ८,८८३,८२० | ११,९२३,२७३ | १५,५०७,७९८ |
| घटाउनेः अपलेखन गर्न बाँकी खर्च | - | - | - | - | - | - | - |
| जम्मा नेटवर्थ | ६,२४१,७९४ | ११,११९,१८५ | १३,७०२,८२८ | १५,०८८,१८३ | १७,७७१,४२४ | २०,८१०,८७८ | २४,३९५,४०३ |
| शेयर संख्या (हजारमा) | ४४,९६१ | ६६,२८९ | ८४,६४४ | ८८,८७६ | ८८,८७६ | ८८,८७६ | ८८,८७६ |
| प्रति शेयर नेटवर्थ रु. | १३८.८३ | १६७.७४ | १६१.८९ | १६९.७७ | १९९.९६ | २३४.१६ | २७४.४९ |
| प्रति शेयर आम्दानी | २७.९१ | २६.६० | २६.४५ | २६.५९ | २९.३३ | ३४.४९ | ४०.६८ |
| नेटवर्थमा औसत प्रतिफल (%) | २०.११ | १२.६१ | १३.९० | १५.३० | १४.६७ | १४.७३ | १४.८२ |

**विगत ३ वर्षको (लेखापरीक्षण भएको) नेटवर्थमा भएको औषत प्रतिफलः १५.५४%**

* प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु श्री ए.बि.एस एण्ड एसोसिएटस्का चार्टर्ड एकाउण्टेन्टस्का श्री विषेश बिबु आचार्यले प्रमाणित गर्नुभएको छ।
** आर्थिक वर्ष २०७२/७३ को सो वर्षको लेखापरीक्षण भएको वित्तीय विवरणको आधारमा गणना गरिएको छ।
***आर्थिक वर्ष २०७५/७६ को व्यवस्थापनबाट प्रमाणित भएको वित्तीय विवरणको आधारमा गणना गरिएको छ।

## ११. अन्तर्निहित जोखिम तथा सो को व्यवस्थापनका लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु।
- नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु।
- तरलताको उतार चढावको कारणले बढदो निक्षेप संकलनको प्रतिस्पर्धाले हुन सक्ने जोखिमहरु।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** लागु नहुने।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिमः** सबै बैंकहरु द्रुतगतिमा व्यापार विस्तारमा लागेका हुनाले केहि जोखिम आउन सक्ने।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिवृद्धि को जोखिम :** सो नभएको।
(ङ) **विदेशी विनिमयको जोखिम :**
- विदेशी विनिमय कारोबार गर्दा विनिमय दरमा हुने थपघटबाट हुनसक्ने जोखिमहरु।
- देशको वैदेशिक व्यापार नितिमा हुन सक्ने परिवर्तनका कारण पर्न सक्ने सम्भाव्य जाखिम।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :** सो नभएको।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तराष्ट्रिय एवं राष्ट्रिय बजारको आर्थिक मन्दीले प्रत्यक्ष असर वित्तीय क्षेत्रमा पर्न सक्ने भएकोले सो बाट हुन सक्ने जोखिमहरु।
(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकले वर्तमान वित्तीय तथा मौद्रिक नीति एवं नेपाल राष्ट्र बैंकले जारी गर्ने निर्देशनमा प्रभाव पार्ने गरी कुनै निर्णय वा कानून लागू गरेमा कम्पनीको आय-खर्चमा असर पर्न सक्नेछ।
(झ) **संचालन अनुभवको अभाव :** यस कम्पनीले आफ्नो कारोवार विगत १६ वर्ष देखी सञ्चालन गरेको हुँदा कम्पनीमा सञ्चालन अनुभवको अभाव नभएको।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम :** बैकिङ्ग प्रविधि परिवर्तन भई थप खर्च बढ्न सक्ने र प्रविधि परिवर्तन अनुसार कर्मचारीहरु अभ्यस्त नभई कार्य सम्पादन गर्न कठिनाई हुन सक्ने।
(ट) **अन्य**
- क) देशको राजनीतिक अस्थिरताबाट संचालन तथा वित्तीय अवस्थामा पर्ने जोखिम।
- ख) कर्जा वा लगानी खराब कर्जा तथा लगानीमा परिणत हुँदा बैंकको आम्दानी संकुचन हुने जोखिम।
- ग) पूँजी बजारमा आउने गिरावटको कारण बैंकको लगानीको मूल्यमा ह्रास आउने जोखिम।
- घ) सरकारी सुरक्षणपत्रहरुको ब्याजदरमा आउने परिवर्तनबाट बैंकको आम्दानी संकुचन हुने जोखिम।
- ङ) कार्य संचालन जोखिम (Operational Risk) बाट हुन सक्ने हानी नोक्सानी।
- च) सम्पत्ति शुद्धीकरण लगायत वित्तीय अपराध सम्बन्धी जोखिमबाट हुनसक्ने हानी नोक्सानी।
- छ) प्राकृतिक प्रकोप (भुकम्प, बाढी/पहिरो आदी)को कारणबाट व्यवसायमा आउने प्रभावको जोखिम।
- ज) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
- झ) बैंकको प्राविधिक विकासमा हुन सक्ने खर्च र त्यसको व्यवस्थापनका हुन सक्ने जोखिम।

**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना :**
सिद्धार्थ बैंक लिमिटेडले अन्तर्निहित तथा भविष्यमा आउन सक्ने विभिन्न जोखिमहरु (कर्जा, बजार संचालन आदी) को पहिचान, अनुगमन तथा व्यवस्थापन गर्नेछ। नेपाल राष्ट्र बैंकको निर्देशन तथा बैंकको नीति नियमको अधिनमा रहि आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाई विभिन्न जोखिमहरु व्यवस्थापन गरि बैंकलाई उत्कृष्ट एवं सबलरुपमा संचालन गरि लगानीकर्ताहरुको हितको संरक्षणका लागि आवश्यक नीति, कार्यविधिहरु बनाई लागु गरेको छ। यसका साथै, बैंकमा रहेको जोखिम व्यवस्थापन विभागले स्वतन्त्र रुपमा जोखिमलाई प्रभावकारी रुपमा नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्य गर्नुका साथै समय समयमा जोखिम नियन्त्रणको क्षेत्रमा भए गरेका कार्यहरुको पुनरावलोकन समेत गर्ने गरेको छ। कर्जासँग सम्बन्धित जोखिमहरु, कुनैपनि व्यवसायहरु गर्दा सामना गर्नुपर्ने अन्य अन्तर्निहित जोखिमहरु लगायत बजार र तरलता, कार्य संचालन, व्यवस्थापन र प्रतिष्ठा जस्ता बैंकको व्यवसायसँग सम्बन्धित जोखिमहरुलाई बैंकले जोखिम व्यवस्थापन संरचनाद्वारा सतर्कतापूर्वक व्यवस्थापन गर्ने गरेको छ। जोखिम व्यवस्थापनका लागि बैंकले अवलम्बन गरेका सिद्धान्तहरु निम्न लिखित छन् :
- जोखिम र प्रतिफल बिच सन्तुलन।
- अनुशासित र संयमित जोखिम बहन।
- अख्तियार प्राप्त समिति तथा व्यक्तिहरुको स्विकृती पश्चात् मात्र जोखिम ग्रहण तथा सो को व्यवस्थापनका लागि उचित संरचना तथा साधनहरुको उपलब्धता।
- भावी जोखिमहरुको पूर्वानुमान तथा जोखिमहरुको उपयुक्त जानकारी।
- प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिकालागि जोखिमहरुको कुशल तथा प्रभावकारी व्यवस्थापन एवं नियन्त्रण।
- बैंकले निरन्तर रुपमा प्रविधि परिवर्तनबाट सिर्जित हुन सक्ने जोखिमहरुलाई मध्यनजर गरि आवश्यक तालिम तथा विज्ञहरुको सुझावहरु समय समयमा लिईरहेको।

बैंकले जोखिम नियन्त्रणको क्षेत्रमा अवलम्बन गरेका माथि उल्लेखित नीति एवं उपायहरु पर्याप्त नहुन सक्दछन् यसर्थ उल्लेखित विधिहरुले बैंकको जोखिमलाई पूर्ण रुपमा निर्मुल पार्न नसकेता पनि न्युनिकरण गर्न सफल हुने विश्वास लिएका छौं।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :**
- विगतमा अन्य बैंकद्वारा निष्काशन गरिएको रु. १,०००/- अंकित दरको ऋणपत्र सूचीकरण पश्चात् धितोपत्र बजारमा कारोवार हुँदा अंकित मुल्यमा धैरै उतार चढाव नभएको हुनाले ऋणपत्रको मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम न्यून रहेको छ।
- बैंकको सरकारी तथा गैर सरकारी धितोपत्रमा लगानी गरे बापत लगानी मुल्य परिवर्तनको जोखिम रहेको।

## १२. ऋणपत्र निष्काशन सम्बन्धी विवरण :

(क) **यस विवरणपत्र मार्फत निष्काशन गर्न लागिएको “एस.बि.एल डिबेन्चर २०८३” सम्बन्धी विवरण देहाय बमोजिम रहेको छः**
(अ) **ऋणपत्र निष्काशनको शर्त बन्देजहरु :** ऋणपत्र निष्काशन सम्बन्धी शर्त र बन्देज यस आव्हानपत्रको बुँदा नम्बर १५ मा उल्लेख गरिएको छ।
(आ) **ऋणपत्रको अवधि (Maturity Period) :** यस ऋणपत्रको अवधि ऋणपत्रको बाँडफाँड भएको दिनबाट ७ (सात) वर्षको हुनेछ। सो अवधि पश्चात कम्पनीले यस ऋणपत्रको साँवा र अन्तिम किस्ताको तिर्न बाँकी ब्याज रकम एकमुष्ठ भुक्तानी गर्नेछ।
(इ) **निष्काशन गरिने ऋणपत्रको रकमः** सात वर्ष अवधि तथा वार्षिक १०.२५ प्रतिशत ब्याजदर भएको रु.२ अर्ब ५० करोड बराबरको प्रति ऋणपत्ररु.१,०००/- अंकित मूल्यका २५,००,००० कित्ता मध्ये १५,००,००० कित्ता डिबेन्चरले हुन आउने कूल रु.१ अर्ब ५० करोड ऋणपूँजी रकम परिपत्र विधि (Private Placement) बाट र १० लाख कित्ता डिबेन्चरले हुन आउने कुल रु.१ अर्ब ऋणपूँजी रकम (५% अर्थात ५०,००० कित्ता सामुहिक लगानी कोषका लागि छुट्याईएको समेत) सर्वसाधारण नेपालीको लागि, सार्वजनिक निष्काशनबाट बिक्री गरिने।
(ई) **ऋणपत्र साधारण शेयरमा परिवर्तन हुने वा नहुने :** यस विवरणपत्र अनुसार निष्काशन गरिने ऋणपत्र ७ (सात) वर्षको अवधि पश्चात एकमुष्ठ रुपमा फिर्ता गरिने भएकाले उक्त ऋणपत्र साधारण शेयरमा परिणत नहुने।
(उ) **ऋणपत्रको ब्याजदर (Coupon Interest Rate) र ब्याज भुक्तानी गर्ने अवधि/समय (Interest Payment Period) :** यस ऋणपत्रको वार्षिक ब्याजदर १०.२५% हुनेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकममा आयकर ऐन अनुसार कर लाग्नेछ। यस ऋणपत्रमा आर्जित ब्याज रकम प्रत्येक आर्थिक वर्षको प्रथम अर्ध वार्षिक (पौष मसान्त) र द्वितीय अर्धवार्षिक (अषाढ मसान्त) समाप्त भए पश्चात भुक्तानी दिइनेछ। ब्याज रकम भुक्तानी दिँदा प्रथम अर्ध वार्षिक (पौष मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम हरेक वर्षको माघ १ गते देखि र द्वितीय अर्ध वार्षिक (आषाढ मसान्त) समयसम्म यस ऋणपत्रमा आर्जित ब्याज रकम उक्त वर्षको श्रावण १ गते देखि भुक्तानी गरिनेछ।
(ऊ) **ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) सम्बन्धी व्यवस्था :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्रलाई निर्धारित ७ वर्षको समयावधिमा फिर्ता भुक्तानी गर्नका लागि कम्पनीले ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) को व्यवस्था गर्नेछ। ऋणपत्रको अवधिमा कम्पनीको नाफाबाट ऋणपत्र निष्काशन भएको दोस्रो आ.व.बाट रु.४१.६७ करोड रुपैयाँ मात्रको दरले हुने रकम ऋणपत्र भुक्तानी जगेडा कोषमा रकमान्तर गरिनेछ। कम्पनीले कुनै आर्थिक वर्षमा मुनाफा आर्जन गर्न नसकेको खण्डमा समेत सो वर्षमा ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ। यदि कम्पनीको कुनै आर्थिक वर्षमा मुनाफा नभएमा अघिल्लो वर्षहरुको संचित मुनाफाबाट ऋणपत्र भुक्तानी जगेडा कोष (Debenture Redemption Reserves) मा रकमान्तरण गर्नु पर्ने रकम रकमान्तरण गरिनेछ।
(ए) **ऋणपत्रवालाहरुको अधिकार :** यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र खरिद गर्ने ऋणपत्रवालाहरुलाई कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम ऋणपत्रवालालाई प्राप्त हुने सम्पूर्ण हक, सुविधा प्राप्त हुनेछ। तर त्यस्ता ऋणपत्रवालाहरुलाई साधारण सभामा उपस्थित हुने तथा मतदान गर्ने अधिकार हुने छैन। कथंकदाचित बैंक टाटपल्टेमा यस विवरणपत्रमार्फत् निष्काशित ऋणपत्रको भुक्तानी निक्षेपकर्ताहरु भन्दा पछाडि मात्र हुनेछ।

(ख) **संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको हक सम्बन्धी विवरणः**
यस विवरणपत्र मार्फत निष्काशन हुने ऋणपत्र बैंकको सम्पत्ति सुरक्षण नराखी निष्काशन गरिएको असुरक्षित ऋण (Unsecured Debt) भएको साथै बैंकको त्यस्तो कुनै सुरक्षित साहु नभएको र कथंकदाचित बैंक टाटपल्टिएमा अन्य सुरक्षित साहू र निक्षेपकर्ताको कुल रकम रु.११२.३४ अर्ब (चैत्र २०७५) भन्दा पछि मात्र भुक्तानीमा प्राथमिकता हुने गरी निष्काशन गरिएको सहायक ऋण (Subordinated Debt) भएको हुँदा प्रचलित कानूनले प्रदान गरेको बाहेक कम्पनीको सम्पत्तिमा ऋणपत्रवालाको कुनै निर्दिष्ट हक (Specific charge) अधिकार हुने छैन।

(ग) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम, ठेगाना तथा कम्पनी र ट्रष्टीबीच भएको सम्झौता (Trustee Deed) का प्रमुख बुँदाहरुः**
ऋणपत्र निष्काशन गर्दा ट्रष्टी नियुक्त गर्नु पर्ने व्यवस्था अनुरुप निम्नानुसार ऋणपत्र ट्रष्टीको व्यवस्था गरिएको छ।
(अ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको नाम तथा ठेगाना :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको इजाजतपत्रप्राप्त धितोपत्र व्यवसायी, श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं रहेको छ।
(आ) **ऋणपत्र ट्रष्टी भए बापत लिने सेवा शुल्क :** यस विवरणपत्रमार्फत सर्वसाधारणमा तथा व्यक्तिगत तवरबाट विभिन्न व्यक्ति वा संघ संस्थाहरुलाई बिक्री गरिने ऋणपत्रको ट्रष्टीको रुपमा नियुक्त श्री एनएमबि क्यापिटल लिमिटेड काठमाडौंलाई निजले उक्त सेवा प्रदान गरे बापत वार्षिक रु.२०,०००/- (अक्षरेपी बिस हजार रुपैयाँ मात्र) रकम ट्रष्टी सेवा उपलब्ध गराएको समयावधिका लागि सेवा शुल्कको रुपमा दिइनेछ।
(इ) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले तोकेको सम्पर्क व्यक्तिको नाम तथा पद योग्यता तथा अनुभव :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले उक्त कम्पनीको मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुख श्री स्मृति महर्जनलाई सम्पर्क व्यक्तिको रुपमा तोकेको छ। श्री स्मृति महर्जनले एम.बि.ए.सम्मको शैक्षिक योग्यता र करिव ८ बर्ष भन्दा बढीको वित्तीय क्षेत्रको कार्यानुभव हासिल गर्नुभएको छ।
(ई) **ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासा सुन्ने र समाधान गर्ने सम्बन्धमा गरेको व्यवस्था :** ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाले सम्बन्धित पक्षको गुनासो सुन्ने र सो को समाधान गर्ने सम्बन्धमा तोकिएको सम्पर्क व्यक्ति मार्फत वा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थाको कार्यालय मार्फत आवश्यक व्यवस्था गरेको छ। साथै गुनासाहरु लिखित रुपमा ऋणपत्र ट्रष्टीको रुपमा कार्य गर्ने संस्थामा जम्मा गराउनु पर्नेछ।
(उ) **ऋणपत्र निष्काशन गर्ने बैंक र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ बमोजिम सम्झौता भएको कुरा :** ऋणपत्र निष्काशन गर्ने कम्पनी र ऋणपत्रवालाहरुको हित संरक्षण गर्न ट्रष्टीको रुपमा काम गर्ने ऋणपत्र ट्रष्टी बीच कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुरुप सम्झौता गरिएको छ।
(ऊ) **ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको कुरा :** ऋणपत्र ट्रष्टीको अधिकार र दायित्व, ऋणपत्र ट्रष्टीले जाँचबुझ गर्न र विवरण माग गर्न सक्ने, ऋणपत्र ट्रष्टीलाई ऋणपत्रवालाहरुको अधिकार हुने आदि व्यवस्थाहरु कम्पनी ऐन, २०६३ अनुरुप भएको छ।
(ए) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौताको प्रति नेपाल धितोपत्र बोर्डमा दर्ता गरिएको कुरा :** ऋणपत्र ट्रष्टी र कम्पनी बीच भएको सम्झौताको प्रतिलीपी नेपाल धितोपत्र बोर्डमा मिति २०७६/०१/२३ गते दर्ता गरिएको छ।
(ऐ) **ऋणपत्र ट्रष्टी र बैंक बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा सो उपलब्ध गराउने सम्बन्धमा गरिएको व्यवस्थाः** ऋणपत्र ट्रष्टी श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी र कम्पनी बीच भएको सम्झौता तथा अन्य आवश्यक व्यवस्थाहरु ऋणपत्रवालाले हेर्न वा जान्न चाहेमा ऋणपत्र ट्रष्टी वा कम्पनीको रजिष्टर्ड कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी हेर्न वा जान्न सकिने व्यवस्था गरिएको छ।
(ओ) **अन्य :**
- ऋणपत्र ट्रष्टीले डिबेन्चरवालाहरुको हित संरक्षण गर्ने।
- कम्पनीले ऋणपत्र ट्रष्टीलाई आफ्नो वित्तीय कारोबारको परिष्कृत आर्थिक विवरण आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र अनिवार्य रुपमा पठाउनु पर्ने।
- ऋणपत्र ट्रष्टीले कम्पनीले स्थापना गरेको ऋणपत्र भुक्तानी कोष (Debenture Redemption Reserve) को अनुगमन गर्ने।
- कम्पनीले पुन : अर्को ऋणपत्र निष्काशन गर्नु परेमा ऋणपत्र ट्रष्टीको पूर्व स्वीकृति लिनु पर्नेछ। मिति २०७६/०१/१७ गते भएको डिबेञ्चर ट्रष्टी नियुक्ति सम्बन्धी सम्झौतापत्रमा माथी उल्लेखित दफा उल्लेख नभए पनि कम्पनी ऐन, २०६३ को दफा ३६ को उपदफा ५ मा भएको व्यवस्था पूर्ण पालना गरि सो दफा अनुरुप कार्य गरिनेछ।

(घ) **परिवर्तनशील ऋणपत्र जारी गरिने भएमा ऋणपत्रको परिवर्तन अनुपात, मूल्य, प्रिमियम तथा परिवर्तन मिति, मताधिकारको व्यवस्था :** सो नभएको
(ङ) **ऋणपत्र जारी गर्नुको उद्देश्य तथा सम्पन्न हुने कार्य योजना :**
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
- बैंकको पूरक पूँजीकोष (Supplementary Capital) वृद्धि गर्न।
- प्रबन्धपत्रमा उल्लेख गरिएका उद्देश्यअनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन।

**ऋणपत्रको बिक्रीबाट प्राप्त रकम उपयोग गर्न गरिने कार्य :** बैंकको पूँजीकोष वृद्धिको लागि उपयोग गरिने।
(च) **जारी पूँजी चुक्ता भए/नभएको :** जारी पूँजी सम्पूर्ण चुक्ता भएको।
(छ) **यस भन्दा अगाडी जारी भएको ऋणपत्रको विवरण :**

| विवरण | ब्याजदर | संख्या | जम्मा रकम रु. | जारी मिति | भुक्तानी मिति | ऋणपत्र भुक्तानी कोष |
|---|---|---|---|---|---|---|
| ८% एस.बि.एल डिबेन्चर २०७६ | ८ % | ३,०३,५२० | ३०,३५,२०,०००/- | २०७०/०२/०६ | २०७७/०२/०५ | २२,३५,७१,२८८/- |
| ७.५% एस.बि.एल डिबेन्चर २०७८ | ७.५ % | ५,००,००० | ५०,००,००,०००/- | २०७१/१०/०९ | २०७८/१०/०८ | २४,८५,३२,२९०/- |
| १०.५०% एस. बि.एल डिबेन्चर २०८२ | १०.५ % | २१,६२,५५९ | २,१६,२५,५९,०००/- | २०७५/०९/२९ | २०८२/०९/२८ | |

(ज) **नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएको शर्तहरु :** नेपाल राष्ट्र बैंकले डिबेन्चर जारी गर्नका लागि दिएका शर्तहरु निम्नानुसार रहेका छन्।
१) कुनै पनि सुरक्षण नराखी “एसबिएल डिबेन्चर २०८३” निष्काशन गर्नुपर्ने।
२) डिबेन्चरको अवधि ७ वर्षको हुने।
३) प्रस्तावित डिबेन्चरमा प्रदान गरिने ब्याज अर्ध वार्षिक रुपले ६/६ महिनामा भुक्तानी गर्नुपर्ने, प्रस्ताव गरे बमोजिम डिबेन्चरको वार्षिक ब्याजदर १०.२५ प्रतिशत हुनुपर्ने र आर्जित ब्याज रकममा प्रचलित ऐन बमोजिम कर कट्टा गर्ने व्यवस्था गर्नुपर्ने।
४) बैंक विघटन भएको अवस्थामा “एसबिएल डिबेन्चर २०८३” को भुक्तानी निक्षेपकर्ता भन्दा पछि मात्र हुने।
५) नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई “एसबिएल डिबेन्चर २०८३” जारी भएको मितिले बढीमा ६ महिना भित्रमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचीकृत गर्नुपर्ने।
६) सिद्धार्थ बैंक लिमिटेड बाहेक अन्य बैंक तथा वित्तीय संस्थाबाट उक्त डिबेन्चर धितो राखी ऋण लिन सकिने व्यवस्था गर्नु पर्ने।
७) “एसबिएल डिबेन्चर २०८३” निष्काशन गर्नु अघि विवरणपत्र यस बैंकमा दर्ता गरी प्रकाशन गर्नुपर्ने।
८) “एसबिएल डिबेन्चर २०८३” को रकम भुक्तानी गर्ने प्रयोजनको लागि Redemption Reserve को व्यवस्था गर्न बैंकको वार्षिक मुनाफाबाट ऋणपत्र निष्काशन भएको दोश्रो वर्षदेखि प्रत्येक वर्ष बराबर रुपमा (Proportionate Period Basis) नाफा/नोक्सान हिसाबबाट रकम छुट्याई ७ वर्ष भित्र कुल रु. दुई अर्ब पचास करोड बराबरको रकम उक्त कोषमा जम्मा हुने व्यवस्था गर्नुपर्ने। साथै, नाफा नभएको अवस्थामा मुनाफाबाट छुट्याउनु पर्ने रकम कुन कोषबाट व्यवस्था गर्ने हो सो स्पष्ट रुपमा विवरणपत्रमा उल्लेख हुनुपर्ने।
९) Private Placement को आधारमा बिक्री गरिने डिबेन्चरको सम्बन्धमा कुनै संघ/संस्थासँग अग्रिम कुनै सम्झौता भएको भए सो सम्झौताको प्रमाणित प्रतिलिपि यस बैंकमा पेश गर्नुपर्ने।
१०) यदि कुनै पक्षले सो पक्षलाई छुट्याएको ऋणपत्र खरिद नगरेमा सो ऋणपत्र अर्को पक्षलाई खरिद गर्ने व्यवस्था गर्नुपर्ने।
११) डिबेन्चर निष्काशन सम्बन्धमा अन्य प्रचलित कानून तथा यस बैंकबाट जारी गरिएको निर्देशनमा उल्लेख भएका अन्य व्यवस्थाको समेत पालना गर्नुपर्ने।

(झ) **अन्य :**
- ऋणपत्रको ब्याज भुक्तानी गर्ने स्थानः यस ऋणपत्र धारण गर्ने ऋणपत्रधनीले निजले धारण गरेको ऋणपत्रमा आर्जित ब्याज रकम निजको डिम्याट खातामा उल्लेख भए बमोजिमको बैंक खातामा सिधै रकमान्तर गरिनेछ।
- बैंकको यस विवरणपत्र मार्फत ऋणपत्र निष्काशन पूर्व र निष्काशन गरी बाँडफाँड गरे पश्चातको ऋण र पूँजीको अनुपात निम्नानुसार रहेको/रहने छ।

| ऋणपत्र निष्कान पूर्वको ऋण पूँजी अनुपात | ऋणपत्र निष्काशन गरी बाँडफाँड गरे पश्चात ऋण पूँजी अनुपात |
|---|---|
| २३.२७% | ३७.७९% |

## १३. ऋणपत्र निष्काशनको उद्देश्य :

- बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
- बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी जुटाउन।
- कम्पनीको पूँजीकोष वृद्धि गर्न।

## १४. धितोपत्रको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

(अ) **अत्यधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया :** यस विवरणपत्रद्वारा सर्वसाधारण तथा परिपत्र विधि मार्फत जारी गरिएको ऋणपत्र खरीदका लागि आवश्यक भन्दा अत्यधिक माग भई दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार ऋणपत्रहरु बाँडफाँड गरिनेछ। यदि निष्काशन गरिएको ऋणपत्रको संख्या भन्दा कम ऋणपत्र खरिदको लागि दरखास्त प्राप्त हुन आएमा कम्पनी ऐन, २०६३, नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था तथा निर्देशन बमोजिम सञ्चालक समितिले निर्णय गरी बिक्री वितरण तथा बाँडफाँड गरिनेछ। कुनै एक समूहबाट निष्काशन गरिएको ऋणपत्र भन्दा बढीको आवेदन प्राप्त भई अर्को समूहमा निष्काशन गरिए भन्दा कम ऋणपत्र खरीदका लागि आवेदन प्राप्त हुन आएमा बढी माग आए बराबरको ऋणपत्र अर्को समूहमा थप गरी बाँडफाँड गरिने छ।
(आ) **अत्यधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** “धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३” अनुरुप सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट मात्र आवेदन दिन सक्नेछ र आवेदकहरुको सम्बन्धित बैंक तथा वित्तीय संस्थाले नै बाँडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरिदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिदिनेछ।
(इ) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** उपरोक्त व्यवस्था सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा लागु हुने छैन। परिपत्र विधिबाट आवेदन दिने आवेदकहरुको हकमा आवेदन दिएको मिति देखि बाँडफाँड भएको मिति सम्म बैंकले तोके बमोजिमको ब्याज भुक्तानी दिइनेछ।
(ई) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** यस विवरणपत्र अनुसार जारी गरिएको ऋणपत्रहरु धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी प्रचलित व्यवस्था अनुसार निर्धारित अवधिभित्र बाँडफाँडबाट कायम भएका ऋणपत्रधनीहरुलाई निजहरुको डिम्याट खातामा जम्मा गरिनेछ। साथै, ऋणपत्रधनीहरुले प्रत्येक अर्धवार्षिक अवधिमा प्राप्त गर्ने ब्याजको हिसाबकालागि ब्याजदरको कुपन प्रदान गरिनेछ र सोही कुपनमा उल्लेख भए बमोजिम ऋणपत्रधनीहरुलाई ब्याज भुक्तानी गरिने छ।
(उ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोबार शुरुहुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
यस बैंकको देहाय बमोजिमको धितोपत्रहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण गरिएको छ।

| सि.नं. | सूचीकरण भैसकेको धितोपत्रको विवरण | चुक्ता रकम (रु.) |
|---|---|---|
| १. | रु. १००/- दरको ८,८८,७६,०४५.३६ कित्ता साधारण शेयर | ८,८८,७६,०४,५३६/- |
| २. | रु. १,०००/- दरको ३,०३,५२० कित्ता ८% एस. बि. एल डिबेन्चर २०७६ | ३०,३५,२०,०००/- |
| ३. | रु. १,०००/- दरको ५,००,००० कित्ता ७.५% एस. बि. एल डिबेन्चर २०७८ | ५०,००,००,०००/- |
| ४. | रु. १,०००/- दरको २१,६२,५५९ कित्ता १०.५% एस. बि. एल डिबेन्चर २०८२ | २,१६,२५,५९,०००/- |

(ऊ) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरिद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :** यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ सम्बन्धी व्यवस्था अनुसार ऋणपत्रको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा प्रचलित व्यवस्था अनुसार सूचिकरण तथा दर्ता गराई ऋणपत्र खरिद तथा राफसाफको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

## १५. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :

(अ) **धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :** धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्र खारेजी आदि सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ/गरिनेछ। साथै यस विवरणपत्र मार्फत निष्काशन गरिएको ऋणपत्र खरिदको लागि आवेदन गरी ऋणपत्र बाँडफाँड भए पश्चात् कायम ऋणपत्रधनीहरुले कम्पनीको वार्षिक साधारण सभामा भाग लिन र मतदान गर्न पाउने छैनन्।
(आ) **नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणांकमा लिन सकिने हो सो सम्बन्धी विवरण :**
१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली रजिष्टर्ड कार्यालय हात्तीसार, काठमाण्डौमा र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिने छ।
२. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले न्यूनतम २५ (पच्चीस) कित्ता र २५ (पच्चीस) कित्ता भन्दा बढी ऋणपत्र खरिद गर्नका लागि १ अंकको गुणाङ्कमा अधिकतम सम्पूर्ण कित्ता ऋणपत्र खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।
३. यस विवरणपत्र मार्फत निष्काशन गरिने ऋणपत्र खरिदका गर्नका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- का दरले हुन आउने एकमुष्ठ रकम नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त सि-आस्बा (C-ASBA) सदस्य रहेको बैंक तथा वित्तीय संस्थामा जम्मा गरी आवेदन दिन सकेनछन्।

(इ) **आवेदन दिँदा पालन गर्नुपर्ने शर्त बन्देजहरु :**
***व्यक्तिगत तवर/परिपत्र विधिबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :***
१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्। आवेदकले आफुले लिन चाहेको ऋणपत्र, अधिकतम सिमा खुल्ने गरि यसै ऋणपत्रको बिक्री प्रबन्धकलाई लिखित रुपमा निवेदन पेश गर्नुपर्नेछ।
२. आवेदन दिदाँ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. आवेदन फारममा आवेदकको पुरा नाम (नेपाली तथा अंग्रेजी दुवैमा) भर्नु पर्नेछ।
४. आवेदकले आवेदनसाथ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्याको प्रति ऋणपत्र रु.१,०००/- को दरले हुन आउने रकम बराबरको एनएमबि क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी चेक संलग्न गर्नु पर्नेछ। यसरी चेक मार्फत रकम बुझाउनुहुने आवेदकहरुले आवेदनमा सो चेकको नम्बर र चेकको पछाडि आवेदकको नाम अनिवार्य रुपमा खुलाउनु पर्नेछ।
५. कम्पनी वा संस्थाले ऋणपत्रका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय समावेश गरेको हुनुपर्नेछ।
६. रु.१०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN ) खुलाउनुपर्नेछ। यस अतिरिक्त रु.१०,००,०००/- वा सो भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ।

***सर्वसाधारण तर्फबाट आवेदन दिँदा पालना गर्नुपर्ने शर्त तथा बन्देजहरु :***
१. कुनै पनि नेपाली नागरिक तथा संगठित संस्थाले यस विवरणपत्र अनुसार जारी गरिने ऋणपत्र खरिद गर्न आवेदन दिन सक्नेछन्।
२. आवेदन दिदाँ आफुले खरिद गर्न चाहेको ऋणपत्र संख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ।
३. दरखास्त आवेदन दिँदा सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था मार्फत आवेदन फारम बुझाउन पर्नेछ र सोही संस्थाबाट उपलब्ध गराईने आवेदन फारममा उल्लेखित सम्पुर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। सो सम्बन्धी अन्य प्रकृया तथा शुल्क सम्बन्धी व्यवस्था सम्बन्धित सि-आस्बा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाले आफ्नो कार्यालयको सूचना पाटी, वेबसाईट वा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशित गरी तोके बमोजिम हुनेछ।
४. आवेदकहरुले आवेदन दिदा सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय रहेको हुनुहुदैन।
५. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको ऋणपत्रको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।
६. रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई ऋणपत्र बाँडफाँडमा समावेश गरिने छैन र सो को जिम्मेवार आवेदक/सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्था स्वयं हुनेछ।
७. ऋणपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको ऋणपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई रद्द गरी सो को जानकारी सम्बन्धित सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थालाई गराउनेछ।

## १६. विवरणपत्र तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :

| क्र.सं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं र वेबसाइट : www.nmbcl.com.np |
| २. | सिद्धार्थ बैंक लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय हात्तीसार, काठमाडौं तथा सम्पूर्ण शाखा कार्यालयहरु र वेबसाइट : www.siddharthabank.com |

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १. | सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु। |
| २. | परिपत्र विधिबाट संगठित संस्थाहरुलाई बिक्री गरिने ऋणपत्र निष्काशन तथा बिक्री प्रबन्धक र निष्काशनकर्ता कम्पनीको आपसी सहमतिमा खरिदकर्ताहरु खोजी गरि बिक्री वितरण गरिने छ। |

## १७. सकारात्मक पक्षहरु :

● लामो समयदेखि बैंकिङ्ग व्यवसायमा गुणस्तरिय सेवा प्रदान गर्दै आईरहेको ● उचित निक्षेप परिचालन नीति अवलम्बन गर्दै कर्जा तथा लगानीको गुणस्तरको स्तरलाई प्राथमिकता दिइएको ● पूर्व सर्तकताहरु अपनाई सम्भाव्य जोखिमलाई मध्यनजर गरि व्यवसाय विस्तार गरिएको ● बैंकको क्षमतालाई थप सुदृढीकरण गर्न दक्ष तथा अनुभवी कर्मचारीलाई परिचालन एवं उचित व्यवस्थापन गरिएको ● दक्ष तथा अनुभवी व्यक्तिहरुको लगानीमा स्थापना तथा संचालन गरिएको कम्पनी ● स्थापनाकाल देखि नै पूर्ण कम्प्युटरकृत प्रविधिबाट वित्तीय सेवा प्रदान गर्दै आईरहेको ● द्रुत गतिमा व्यवसाय विस्तार गर्न सफल रहेको।

## १८. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा निष्काशन गरिएको ऋणपत्रको लागि आवेदन दिने अवधि ३० (तीस) दिनको हुनेछ। आवश्यकता भन्दा बढी ऋणपत्रको लागि आवेदन पर्न आएमा कुनै पनि बखत ऋणपत्रको बिक्री बन्द गर्न सकिनेछ तर विवरण पत्रमा गरिएको व्यवस्था अनुसार ४ (चार) कार्य दिनभन्दा अगाडि ऋणपत्र खरिदको आवेदन लिने काम बन्द गरिने छैन। व्यक्तिगत तवर/परिपत्र विधि (Private Placement) बाट बिक्री गरिने ऋणपत्रको हकमा धितोपत्र बोर्डबाट स्वीकृति पश्चात खुल्ला हुनेछ र सार्वजनिक निष्काशनसँगै बन्द हुनेछ।

## १९. संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समयः

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिने छ।
- कम्पनीको केन्द्रीय कार्यालय, हात्तीसार, काठमाडौं।
- धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक - श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं स्थित कार्यालय।

## २०. क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :

यस बैंकले जारी गर्न लागेको ऋणपत्रलाई ईक्रा नेपाल लिमिटेडले न्युन कर्जा जाखिम (Low Credit Risk) जनाउने "[ICRANP] LA-" (Pronounced as ICRA L A Minus) रेटिङ्ग मिति २०७६/०२/१७ मा प्रदान गरेको छ। उक्त क्रेडिट रेटिङ्ग प्राप्त गर्ने Instrument लाई समयमान वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा यथेष्ट रुपमा सुरक्षित मानिन्छ। जोखिमको दृष्टीमा यस्ता उपकरणहरु न्युन कर्जा जोखिम भएका मानिन्छ। साथै, यस बैंकलाई ईक्रा नेपाल लिमिटेडले औसत कर्जा जोखिम (Average Credit Risk) जनाउने "[ICRANP-IR] A-" (Pronounced as ICRA NP Issuer Rating A Minus) रेटिङ्ग मिति २०७६/०२/१७ गते प्रदान गरेको छ।

## २१. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा एक विशेष कक्षको व्यवस्था गरिएको छ। लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यम मार्फत आफ्नो कार्यालय समय भित्र गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन् : सम्पर्क व्यक्ति : श्री स्मृति महर्जन, फोन नं. ९७७-०१-४४३७९६३ एक्सटेन्सन : ११४

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः**

NMB CAPITAL
LIMITED
**एनएमबि क्यापिटल लिमिटेड**
नागपोखरी, काठमाडौं, नेपाल
फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
इमेलः info@nmbcl.com.np वेभसाइटः www.nmbcl.com.np